आज मिति २०७९ साल भदौ २२ गते बुधवार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरूको उपस्थितमा ७ (सातौं) बैठक बसी निम्न बमोजिमको निर्णय गरीयो।

## उपस्थिति

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा
२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा
३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ
४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ
५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी
६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की
७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ
८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.
९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा
१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ
११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा
१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय
१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ
१४. नगर कार्यपालिका सदस्य : श्री बेली निलम लामा
१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ
१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान
१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ
१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ
१९. नगर कार्यपालिका सदस्य: श्री शुसिला परियार
२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)
२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली
२२. सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) : श्री शिव प्रसाद लम्साल

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।

२. आर्थिक वर्ष २०७९/०८० को लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन गर्ने सम्बन्धमा।

३. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थितको लगत संकलन गर्ने सम्बन्धमा।

४. नमोबुद्ध युवा परिषद् मार्फत नगरस्तरीय खेलकुद विकास समिति गठन कार्यविधि सम्बन्धमा।

५. जनप्रतिनिधिहरुका १०० दिन पूरा भएको उपलक्ष्यमा पत्रकार सम्मेलन गर्ने सम्बन्धमा।

६. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।

२. नमोबुद्ध नगरपालिका र रेयुकाई एईको मासुनागा आँखा अस्पताल बीच भएको सम्झौता अनुमोदन गर्ने सम्बन्धमा।

३. नमोबुद्ध नगरपालिकाको लैङ्गिक तथा यौनजन्य दुर्व्यवहार निवारण आचारसंहिता, २०७९ स्वीकृत गर्ने सम्बन्धमा।

४. नमोबुद्ध नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९ स्वीकृत गर्ने सम्बन्धमा।

५. दाप्चा वजार पुनर्उत्थान उपभोक्ता समिति दर्ता गर्ने सम्बन्धमा।

६. बालमैत्री नगर घोषणा गर्ने सम्बन्धमा।

७. थांइगु फेन्दे क्लिनिक संचालन अनुमति नवीकरण गर्ने सम्बन्धमा।

८. कानूनी सल्लाहकारको सेवा सुविधा सम्बन्धमा।

९. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

निर्णय नम्बर २:

नमोबुद्ध नगरपालिका र रेयुकाई एईको मातृनागा आँखा अस्पताल, बनेपा बीचमा मोतियाबिन्दु रोगको उपचार गर्ने गराउने सम्बन्धमा मिति २०७९ भदौ ०५ गते भएको सम्झौता-पत्र अनुमोदन गर्दै नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट आर्थिक वर्ष २०७९/०८० को लागि स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) मा उल्लेख भएको मोतियाबिन्दु भएका व्यक्तिलाई उपचार तथा समाग्री वितरण खर्च शिर्षकबाट कार्यक्रम संचालन गर्ने।

निर्णय नम्बर ३:

सुरक्षित, स्वच्छ, लैङ्गिक समानता तथा मर्यादित वातावरणमा काम गर्न वा गराउन पाउने प्रत्येक व्यक्तिको अधिकारलाई सुनिश्चित गर्दै कार्यस्थलमा हुने लैङ्गिक तथा यौनजन्य दुर्व्यवहारलाई निवारण गर्ने उद्देश्यले निर्माण गरिएको नमोबुद्ध नगरपालिकाको लैङ्गिक तथा यौनजन्य दुर्व्यवहार निवारण आचारसंहिता, २०७९ स्वीकृत गर्ने।

निर्णय नम्बर ४:

लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको अवधारणा अनुसार स्थानीय तहले गर्ने विकास निमार्णका कार्य तथा सेवा प्रवाहलाई लैङ्गिक समानता तथा समाजिक समावेशीकरण उत्तरदायी बनाउने उदेश्य अनुरुप निर्माण गरिएको नमोबुद्ध नगरपालिकको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९ स्वीकृत गर्ने।

निर्णय नम्बर ५:

यस नमोबुद्ध नगरपालिका वडा नम्बर ०९ स्थित दाप्चा बजार पुनर्उथान उपभोक्ता समिति गठन भई यसै नगरपालिका ०९ नम्बर वडा कार्यालयको प.सं. २०७९/०८०, च.नं. ६१, मिति २०७९/०४/२४ गतेको सिफारिस पत्र साथ संस्था/उपभोक्ता समिति दर्ताको संस्था दर्ताका लागि पालना गर्नुपर्ने सम्पूर्ण मापदण्ड पूरा गरी आवश्यक कागजात सहित निवेदन पेश गरेको सन्दर्भमा नमोबुद्ध नगरपालिकाको संस्था दर्ता सम्बन्धी ऐन, २०७७ को दफा ४ बमोजिम संस्था दर्ता गरी प्रमाण पत्र जारी गर्ने।

निर्णय नम्बर ६:

बालमैत्री स्थानीय शासन प्रारूप, २०७८ र बालबालिकासँग सम्बन्धित प्रचलित कानुनहरुले तोकेका सूचकहरु पूरा गरी यस नमोबुद्ध नगरपालिकालाई बालमैत्री नगर घोषणा गर्न सम्पूर्ण शाखाहरुले तोकेको जिम्मेवारी पूरा गर्ने र सो कार्यको मुख्य जिम्मेवारी महिला, बालबालिका तथा समाज कल्याण शाखाले लिने।